नगरसभामा पेशः मिति २०८३ असार १० गते बुधबार

# आ.व. २०८३।८४ को
# बजेट वक्तव्य

मंगलसेन नगरपालिका
२०८३ असार १०

नगरसभाको दोस्रो बैठकमा

नगर उप प्रमुख श्री संगिता कुमारी रावलद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३।८४ को बजेट वक्तव्य

मंगलसेन नगरपालिका

२०८३ असार १०

www.mangalsenmun.gov.np

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरसभाका अध्यक्षज्यू,

१. मंगलसेन नगरपालिकाको सत्रौं अधिबेशनको गरीमामय वैठकमा आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम पेश गर्न पाउदा गर्वको अनुभुति गरेको छु।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि राष्ट्रिय आकांक्षा अनुरूप सामाजिक न्याय, लोकतान्त्रिक मूल्य तथा नागरिक अधिकारको स्थापना, संरक्षण र प्राप्तिका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा गत भदौ २३ र २४ गतेको नवयुवा-जेनजीको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनमा घाइते नागरिकहरू प्रति सहानुभूति प्रकट गर्दछु।

३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सोह्रौ योजना, दिगो विकास लक्ष्य यस नगर विकास योजना र मध्यमकालीन खर्च संरचनालाई मुख्य आधार बनाएको छ। साथै, नगरपालिकाको नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र विषयगत समित, बजेट तथा कार्यक्रम तर्जुमा समिति, नगर सभाका विभिन्न समितिहरू, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन, राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवम् संचार क्षेत्र लगायत युवा वर्ग तथा आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम् सम्बोधन हुने गरी प्राथमिकतामा राखेको छु।

४. आगामी बजेट नगरको समृद्धी, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । सम्पूर्ण नगरवासी जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा पछाडि परेका वर्ग, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेकी छु ।

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

५. आगामी आर्थिक वर्षको बजेट जनअपेक्षा अनुसार कार्यान्वयन गर्न नगरपालिका संग सम्बन्धित सबै राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु र आम नगरवासीहरुको साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

**सभाअध्यक्ष ज्यू,**

अब म, चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

६. आर्थिक वर्ष २०८२।८३ मा कुल आय अनुमान ६० करोड २९ लाख ५७ हजार रहेकोमा संघ तथा प्रदेश सरकारबाट प्राप्त ससर्त थप बजेट सहित वर्षको अन्त सम्म संशोधित अनुमान **६० करोड ५४ लाख ५८ हजार २८५ रुपैंया र पैसा ८० रहेको छ।**

७. आर्थिक वर्ष २०८२।८३ मा संघीय सरकारबाट समानीकरण अनुदान रु.१० करोड ६७ लाख अनुमान रहेकोमा हाल सम्म नगरपालिकालाई ९ करोड ७५ लाख ७७ हजार १५० रुपैयाँ (९१.४५ प्रतिशत) प्राप्त भएको, राजस्व बाँडफाँड मार्फत रु.९ करोड ८१ लाख अनुमान रहेकोमा हाल सम्म नगरपालिकालाई ८ करोड ५५ लाख ३२ हजार ६५८ रुपैया (८७.१५ प्रतिशत) प्राप्त भएको यसै गरी प्रदेश सरकारबाट समानीकरण अनुदान ९४ लाख ३० हजार अनुमान रहेकोमा हाल सम्म ९० लाख २४ हजार २८६ (९१.४५ प्रतिशत) प्राप्त भएको छ । सवारी साधन कर मार्फत ५४ लाख ७४ हजार सिलिङ प्राप्त भएकोमा हाल सम्म ६१ लाख ७५ हजार ४३ रुपैंया (११४.१८ प्रतिशत) प्राप्त हुदा २२ करोड १० लाख ७१ हजार ४२०रुपैंया कूल अनुमान रहेकोमा हाल सम्म १९ करोड ८३ लाख ९ हजार १३८ रुपैंया र पैसा १९ मात्र प्राप्त भएको छ। हाल सम्मको वास्तविक आम्दानी वार्षिक अनुमान भन्दा २ करोड २७ लाख ६२ हजार २८१ कम रहेको छ। आन्तरिक राजस्व परिचालन तर्फ १ करोड अनुमान रहेकोमा हाल सम्म ७३

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

लाख ३२ हजार ४२५ (७३.३२) प्रतिशत रुपैयाँ संकलन भएको छ । बैंक मौज्दाज अ.ल्या. ३ करोड ९३ लाख २९ हजार ३६५ रुपैयाँ र पैसा ८० सहित कुल आम्दानी २४ करोड ४९ लाख ७० हजार ९२९ रुपैंया प्रास भएको छ ।

८. संघीय ससर्त अनुदान रु. ३० करोड ३७ लाख २० हजार, संघीय समपूरक अनुदान रु.३९ लाख ६० हजार रुपैयाँ, संघीय विशेष अनुदानको ३९ लाख र प्रदेश ससर्त अनुदान रु.२० लाख रुपैयाँ, प्रदेश विशेष अनुदान रु.१८ लाख ३० हजार २३० रुपैंया प्रास भएको छ ।

९. विविध खर्च खाता तर्फ सि.एम.सि. नेपालबाट रु १९ लाख ८५ हजार ९०१ रुपैयाँ, साथि संस्थाबाट रु ११ लाख ९३ हजार २१५ रुपैयाँ र सडक पूर्वाधार मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रु.५ लाख १६ हजार ६०५ रुपैया प्रास भएको छ ।

१०. आर्थिक वर्ष २०८२।८३ को हाल सम्म चालु तर्फ रु. ४८ करोड ३४ लाख ८८ हजार ७४५ रुपैयाँ रहेकोमा ३५ करोड ६७ लाख १६ हजार ५१ रुपैयाँ (७३.७८ प्रतिशत) र पूँजिगत तर्फ रु. १२ करोड १९ लाख ६९ हजार ५४० रुपैंया रहेकोमा ५ करोड ७ लाख ५४ हजार ५५० (४१.६१ प्रतिशत) गरी कुल ६० करोड ५४ लाख ५८ हजार २८५ रुपैयाँ मध्ये रु. ४० करोड ७४ लाख ७० हजार ६०२ रुपैयाँ खर्च भइ ६७.२९ प्रतिशत वित्तीय प्रगति हाँसिल भएको छ। विविध खर्च खाता तर्फ सि.एम.सि. नेपालबाट रु १९ लाख ८५ हजार ९०१ रुपैयाँ, साथि संस्थाबाट रु ११ लाख ९३ हजार २१५ रुपैयाँ र सडक पूर्वाधार मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रु.५ लाख १६ हजार ६०५ रुपैया खर्च भएको छ।

११. संस्थागत विकासको लागि स्थानीय तहको अधिकार क्षेत्र भित्र रहि विभिन्न ऐन, नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका लगायतका कार्यान्वयन योग्य कानूनहरु निर्माण गरीनुका साथै नगरको समग्र विकासको रुपरेखा कोर्ने नगर

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

विकास योजना, २०७९।८०-२०८४।८५, भू-उपयोग योजना, २०७९, राजस्व सुधार कार्ययोजना, २०७९, आन्तरिक नियन्त्रण प्रणाली २०८२, निर्माण भइ कार्यान्वयनमा रहेको छ भने सुदूरपश्चिम प्रदेश सरकारसँगको नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत नगरपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत तथ्याङ्कलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गरी तथ्यमा आधारित योजना तर्जुमा, सेवा प्रवाह, अनुगमन तथा सुशासन प्रवर्द्धनका लागि एकीकृत डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापनाको क्रममा रहेको छ। नगरपालिकाको वित्तीय सुशासनको अवस्था देखाउने लेखा परीक्षण कार्यबाट आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखा परीक्षण भइ बेरुजुको स्थिति १.५३ प्रतिशत रहेको छ।

१२. विद्युतीय शासनलाई जोड दिँदै नगरपालिकाको कार्यालय, सबै वडा कार्यालय, सबै स्वास्थ्य संस्थामा इन्टरनेट तथा विद्युतीय हाजिरी जडान, अनलाईन घटना दर्ता र सिफारिस समेतलाई प्रविधिमैत्री बनाई सेवा प्रवाह गुणस्तरीय, छिटो, छरितो र प्रभावकारी भएको, विद्युतीय भुक्तानी प्रणाली सेवा प्रवाह हुदा कार्यालयमा सेवाग्राहिको भिडभाड न्यूनीकरण, अन्तर बैंक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैंकिङ सेवामा आवद्ध गर्न सहज भएको छ। राजस्व संकलन कार्यलाई SuTRA प्रणालीमा आबद्ध गरीएको छ। नगरपालिकामा सामुदायीक सूचना केन्द्र संचालन, डिजिटल सूचना वोर्ड कार्यान्वयन र सेवाग्राहीको दैनीक अभिलेख राख्ने तथा सेवा सन्तुष्टी/बहिर्गमन फारम मार्फत सेवाको सर्वेक्षण गर्ने कार्यलाई सुधार गर्दै लगिएको छ।

१३. सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवाको प्रभावकारी कार्यान्वयन गर्दै ५,४६३ जना लाभग्राहीको विवरण अद्यावधिक तथा नवीकरण, ५८८ जना नयाँ लाभग्राही थप र ५७९ जनाको लागत कट्टा गरिएको छ। यसैगरी १,४४२ जन्मदर्ता, २५० मृत्युदर्ता, ४०१ विवाह दर्ता, ११ सम्बन्ध विच्छेद दर्ता तथा बसाइँसराइ सम्बन्धी १७२ घटनाको अभिलेखीकरण गरिएको छ। साथै क्यान्सर तथा

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

मृगौला रोगबाट पीडित ३५ जना नागरिकलाई मासिक उपचार खर्च उपलब्ध गराई सामाजिक सुरक्षा प्रणालीलाई थप प्रभावकारी र नागरिकमैत्री बनाइएको छ।

१४. वडा नं.१ र वडा नं.१४ वडा कार्यालय भवन निर्माण सम्पन्न भइ सेवा सुचारु भइसकेको छ। एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई गुरुयोजना अनुसार ६१४ धारा, सिचाई तर्फ साना सिचाई कार्यक्रम अन्तर्गत सबै वडामा ६७८ मिटर सिचाइ कुलो, ५ वटा सिचाँई पोखरी निर्माण भएको, निर्माण गरिएको छ। नगरपालिकामा ६.८१२ कि.मि. सडक नयाँ ट्र्याक खोल्ने काम भएको, ६०.६७ कि.मि. सडक मर्मत र ३०० मिटर कालोपत्रे सडक निर्माण विस्तार भइ हाल सम्म कूल सडक लम्बाई ३८६.९२२ कि.मि. पुगेको छ ।

१५. नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समितिमार्फत विपद् जोखिम न्यूनीकरण, क्षति मूल्याङ्कन, राहत वितरण तथा पूर्वतयारीका कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको छ। जेन–जी आन्दोलनबाट भएको रु.१४ लाख ७० हजार बराबरको क्षतिको विवरण संकलन गरिएको, विभिन्न प्राकृतिक तथा मानवीय विपद्बाट प्रभावित २२ जना व्यक्तिलाई रु.१ लाख ७५ हजार राहत सहायता प्रदान गरिएको, दुर्घटनापीडित तथा सामुदायिक संस्थालाई आवश्यक सहयोग उपलब्ध गराइएको तथा विपद् व्यवस्थापनका विषयमा सुरक्षा तथा प्राविधिक विज्ञहरूसँग समन्वयात्मक छलफल सम्पन्न गरिएको छ। साथै आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ बमोजिम २८ जना विपन्न तथा समस्याग्रस्त नागरिकलाई रु.२ लाख ९३ हजार आर्थिक सहायता वितरण गरी सामाजिक सुरक्षा र मानवीय सेवामा टेवा पुर्‍याइएको छ।

१६. आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। सबै वडामा प्रजनन स्वास्थ्य तथा प्रजनन् रुग्णता सम्बन्धी सेवा सञ्चालन

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

गरी ३७७ जना महिलालाई विशेषज्ञ सेवा प्रदान गरिएको छ। १२४ जना गर्भवती महिलाले भिडियो एक्स–रे सेवा प्राप्त गरेका छन् भने जटिल अवस्थाका ४ जनालाई थप उपचारका लागि प्रेषण गरिएको छ। २५० जना नागरिकलाई एकीकृत स्वास्थ्य शिविरमार्फत सेवा तथा २२८ जनालाई निःशुल्क औषधि वितरण गरिएको छ। ३५५ जना किशोरीलाई एचपीभी खोप प्रदान गरिएको तथा २५५ जना बालबालिकालाई पूर्ण खोप सुनिश्चित गरिएको छ। २३६ जना गर्भवती महिलाले नियमित गर्भजाँच सेवा र १०० जनाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका छन्। ९५५ जना बालबालिकाको पोषण परीक्षण गरी ८७ जना कुपोषित बालबालिकांको व्यवस्थापन गरिएको छ। १,९६९ जनामा नसर्ने रोगको जोखिम परीक्षण गरिएको छ। आर्थिक वर्षभरि नगरपालिकाका स्वास्थ्य संस्थामार्फत कुल २५,०८९ जना नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।

१७. आर्थिक वर्ष २०८२/८३ मा मंगलसेन नगरपालिकाले विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सिकाइ उपलब्धि सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। नगरपालिकाको खुद भर्नादर आधारभूत तह ९७.७२ प्रतिशत पुगेको छ भने विद्यार्थीहरूको कक्षा टिकाउदर ९४ प्रतिशत कायम भएको छ। आधारभूत तह (कक्षा ८) को उत्तीर्ण दर ८७ प्रतिशत र माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्तीर्ण दर ७८ प्रतिशत हासिल भएको छ। SEE उत्कृष्ट विद्यालयलाई अनुदान, ICT Lab स्थापना, स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण, विद्यालय शिक्षा सुधारका विभिन्न कार्यक्रम विद्यालय भर्ना अभियान, नियमित अनुगमन, छात्रवृत्ति वितरण, निःशुल्क पाठ्यपुस्तक उपलब्धता, दिवा खाजा कार्यक्रम, सिकाइ सहजीकरण तथा शिक्षकहरूको क्षमता विकास कार्यक्रमको प्रभावका कारण विद्यालय बाहिर रहेका बालबालिकाको संख्या घट्नुका साथै विद्यालयमा विद्यार्थीको नियमितता र सिकाइ उपलब्धिमा सकारात्मक सुधार आएको छ।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

१८. अपाङ्गता भएका २० जनालाई परिचयपत्र वितरण गरिएको तथा ३५ जना ज्येष्ठ नागरिकको सहभागितामा ज्येष्ठ नागरिक दिवस सम्पन्न गरिएको छ। ११३ जना विपन्न बालबालिकालाई पोशाक तथा शैक्षिक सहयोग उपलब्ध गराइएको छ। विद्यालय बाहिर रहेका ३० जना किशोरीलाई जीवनोपयोगी सीप तालिम प्रदान गरिएको छ। लैङ्गिक हिंसा प्रभावित १२ जना महिलालाई बीउपूँजी, उपचार तथा यातायात खर्च सहयोग प्रदान गरिएको छ। २३० जना हिंसा प्रभावितले सेफ हाउस सेवा तथा २८६ जनाले OCMC सेवा प्राप्त गरेका छन्। ३११ जना सेवाग्राहीलाई मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग प्रदान गरिएको छ। दलित, विपन्न, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास, सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम सञ्चालन गरी आर्थिक सशक्तीकरणमा योगदान पुर्याइएको छ।

१९. सामाजिक विकास समिति अन्तर्गत स्वास्थ्य, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता, खानेपानी तथा सरसफाइ क्षेत्रका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई आधारभूत सेवा पहुँच, सामाजिक सुरक्षा, जनस्वास्थ्य सुधार तथा मानव विकास सूचकाङ्क उकास्न उल्लेखनीय योगदान पुगेको छ।

२०. नगरपालिकामा ४ वटा सिँचाइ पोखरी निर्माण सम्पन्न भई करिब १५० रोपनी जमिनमा सिँचाइ पहुँच विस्तार गरिएको छ भने तरकारी, च्याउ, अदुवा, मकै तथा कागती खेती प्रवर्द्धन कार्यक्रममार्फत सयौं कृषकलाई ५० प्रतिशत अनुदानमा बीउबिजन, कृषि सामग्री तथा उपकरण उपलब्ध गराई व्यावसायिक कृषि विस्तार, उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा सुदृढीकरण तथा कृषकको आयआर्जन अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको छ।

२१. किसान सूचीकरण कार्यक्रम अन्तर्गत १,२५९ कृषक घरधुरीको तथ्यांक संकलन गरी प्रणालीमा आबद्ध गरिएको, ४ नयाँ कृषक समूह दर्ता भएसँगै कुल १५६ कृषक समूह सक्रिय भएका छन्। साथै करिब ३०० कृषकलाई बाली

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

संरक्षण, रोग तथा कीरा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा प्रदान गरिएको छ भने १,२०० घरधुरीमा पोषण बगैंचा स्थापना गरी पोषणयुक्त खाद्य उत्पादन, कृषक क्षमता विकास तथा दिगो कृषि प्रणाली प्रवर्द्धनमा उल्लेखनीय उपलब्धि हासिल गरिएको छ।

२२. पशु स्वास्थ्य तथा उत्पादन प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै ९४२ कृषकका ५,६५२ पशुपन्छीलाई उपचार सेवा तथा ३४,४३६ पशुपन्छीलाई विभिन्न रोगविरुद्ध खोप सेवा प्रदान गरिएको छ। पशुपन्छी औषधि खरिदका लागि रु.६ लाख १३ हजार ८२० खर्च गरिएको, ७२ वटा विभिन्न सिफारिस सेवा प्रवाह गरिएको तथा भैंसी प्रवर्द्धन र स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७ जना कृषकलाई रु.५० हजारका दरले अनुदान उपलब्ध गराइएको छ। वडा नं. १ र १४ मा पशु स्वास्थ्य शिविर सञ्चालन, २८ जना कृषकलाई व्यावसायिक पशुपालन तालिम प्रदान तथा नवयुवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रममार्फत ८ जना युवालाई प्रति व्यक्ति रु.५० हजार अनुदानका लागि सम्झौता गरिएको छ। साथै पशुपन्छीजन्य रोगको अभिलेखीकरण तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (NAHIS) मार्फत सेवा सञ्चालन सुरु गरिएको छ।

२३. रोजगार सेवा केन्द्रमार्फत रोजगारमूलक आयोजनाहरू सञ्चालन, बेरोजगार सूचीकृत तथा नवीकरण कार्य सम्पन्न गरिएको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारी सम्बन्धी जनप्रतिनिधि, पत्रकार, न्यायिक समिति, मेलमिलापकर्ता, प्रहरी तथा विषयगत शाखाहरूसँग अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनुका साथै १४ वटै वडामा समुदायस्तरीय सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। आप्रवासी स्रोत केन्द्रबाट ११०२ जना सेवाग्राहीलाई सेवा प्रदान गरिएको, ४६ जनालाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको तथा १९० जनासम्म सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

घरदैलो सूचना तथा परामर्श सेवा पुऱ्याई सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी प्रवर्द्धनमा उल्लेखनीय योगदान पुगेको छ।

२४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत वडा नं. १० मा ९ जना महिलाको सहभागितामा ८ दिने उद्यमशीलता विकास तालिम तथा ५ दिने व्यावसायिक च्याउ खेती सम्बन्धी सीप विकास तालिम सञ्चालन गरिएको छ। उक्त कार्यक्रममार्फत ९ जना महिलालाई उद्यमशीलता, व्यवसाय व्यवस्थापन तथा आयआर्जनमूलक सीप प्रदान गरी स्वरोजगार तथा लघु उद्यम विकासमा प्रोत्साहन गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म, बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२५. नगरपालिकाको बजेट प्रणालीलाई थप प्रभावकारी, नतिजामुखी तथा दिगो बनाउन आन्तरिक आय वृद्धि, राजस्व प्रशासन सुदृढीकरण, यथार्थपरक आय–व्यय प्रक्षेपण तथा तथ्यमा आधारित बजेट तर्जुमालाई प्राथमिकता दिदै संघीय तथा प्रदेश अनुदानमाथिको निर्भरता क्रमशः घटाउँदै स्थानीय स्रोत परिचालन, करको दायरा विस्तार तथा डिजिटल वित्तीय व्यवस्थापन प्रणालीको प्रभावकारी उपयोग गर्नु।

२६. सीमित स्रोत–साधनलाई प्राथमिकताका क्षेत्र तथा उच्च प्रतिफल दिने योजनामा केन्द्रित गर्दै योजना छनोट, बजेट विनियोजन तथा कार्यान्वयनबीच सुदृढ समन्वय कायम गर्दै मध्यमकालीन खर्च संरचना, आवधिक योजना तथा वार्षिक बजेटबीच तादात्म्यता स्थापित गरी बजेटको विखण्डन न्यूनीकरण तथा विकास आयोजनाको समयमै सम्पन्नता सुनिश्चित गर्न।

२७. जनसहभागितामूलक बजेट प्रणालीलाई संस्थागत गर्दै टोल, बस्ती तथा सरोकारवालाहरूका आवश्यकता र प्राथमिकतालाई बजेट प्रक्रियामा समावेश गर्दै बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

परीक्षणलाई प्रभावकारी बनाइ पारदर्शिता, जवाफदेहिता र नतिजामुखी वित्तीय व्यवस्थापनलाई प्रवर्द्धन गर्नु।

२८. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी बेरुजु न्यूनीकरण, वित्तीय अनुशासन कायम तथा विपद् एवं आकस्मिक अवस्थाका लागि पर्याप्त तयारी र स्रोत व्यवस्थापन सुनिश्चित गर्नु।

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०८३।८४ को बजेटका उद्देश्यः

१. बजेटलाई संघीय र प्रादेशिक नीति तथा प्राथमिकता, दिगो विकास लक्ष्य प्राप्ती र स्थानीय जनताको हित अभिवृद्धिमा केन्दीत गर्ने ।

२. स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गरी दिगो, समावेशी तथा उत्पादनमुखी आर्थिक विकास हासिल गर्ने

३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने।

४. कृषि, पशुपालन, पर्यटन, उद्योग तथा उद्यमशीलता प्रवर्द्धनमार्फत रोजगारी तथा आयआर्जन वृद्धि गर्ने।

५. पूर्वाधार विकासलाई व्यवस्थित, दिगो र नागरिकमैत्री बनाउने।

६. सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने।

७. वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील विकासलाई प्रवर्द्धन गर्ने।

८. महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सशक्तीकरण र समावेशी विकास सुनिश्चित गर्ने।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

२९. अब म आर्थिक वर्ष २०८३।८४ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. अधुरा तथा बहुवर्षीय आयोजनाहरू सम्पन्न गर्ने,
२. शिक्षा, स्वास्थ्य, खानेपानी तथा आधारभूत पूर्वाधार विकास,
३. कृषि उत्पादन, उद्यम विकास तथा रोजगारी सिर्जना,
४. पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण र प्रवर्द्धन,
५. विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु अनुकूलन,
६. सूचना प्रविधिमा आधारित सेवा प्रवाह तथा संस्थागत सुदृढीकरण,
७. सामाजिक विकास, समावेशीकरण तथा लक्षित वर्ग सशक्तीकरण।

सभाध्यक्ष महोदय,

बजेटले लिएको उद्देश्य हाँसिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेकी छु

३०. बजेटको प्रभावकारी कार्यान्वयनका लागि योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियाबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउँदै नतिजामुखी कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ।

३१. विकास योजनाहरूको समयमै सम्पन्नता सुनिश्चित गर्न पूर्वतयारी सम्पन्न भएका, प्रतिफलयुक्त तथा जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने योजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ तथा खरिद व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

३२. नगरपालिकाको आन्तरिक आय अभिवृद्धि, राजस्व प्रशासनको आधुनिकीकरण तथा वित्तीय अनुशासनको पालना गरी स्रोत व्यवस्थापनलाई थप सबल र दिगो बनाइनेछ।

३३. सूचना प्रविधिमा आधारित प्रशासन, विद्युतीय अभिलेख व्यवस्थापन, अनलाइन सेवा प्रवाह तथा सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणलाई संस्थागत गर्दै सुशासन, पारदर्शिता र जनउत्तरदायित्व अभिवृद्धि गरिनेछ।

३४. संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा विकास साझेदारहरूसँगको सहकार्य र साझेदारीलाई सुदृढ बनाउँदै उपलब्ध स्रोत, साधन

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

र अवसरको अधिकतम परिचालन गरी समृद्ध, सुशासित र आत्मनिर्भर मंगलसेन निर्माणको अभियानलाई तीव्रता दिइनेछ।

३५. करदातामैत्री राजस्व प्रणाली विकास गर्दै समयमै कर तिर्ने करदातालाई प्रोत्साहनस्वरूप कानुनबमोजिम कर छुट तथा सहुलियत प्रदान गरिनेछ। राजस्वको दायरा विस्तार, चुहावट नियन्त्रण तथा डिजिटल राजस्व व्यवस्थापनमार्फत आन्तरिक आय सुदृढ गरिनेछ।

३६. नगरपालिकाको कार्यबोझ, सेवा प्रवाह र जनशक्ति आवश्यकताको वस्तुगत विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरिनेछ तथा सोही आधारमा संस्थागत संरचना र जनशक्ति व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ।

३७. स्थानीय आवश्यकता, सम्भावना, दिगो विकास लक्ष्य तथा दीर्घकालीन नगर विकासको दृष्टिकोणलाई समेट्दै दोस्रो आवधिक नगर विकास योजना तर्जुमा गरी योजनाबद्ध विकासको आधार तयार गरिनेछ।

३८. युवामा उद्यमशीलता, नवप्रवर्तन र स्वरोजगार प्रवर्द्धन गर्ने सीप, प्रविधि, वित्तीय पहुँच तथा व्यवसाय प्रवर्द्धनमा आधारित कार्यक्रम सञ्चालन गरी उत्पादनशील अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।

३९. करार सेवामा कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा तथा पेशागत मनोबल अभिवृद्धिका लागि प्रचलित कानुन र आर्थिक क्षमताका आधारमा करार कर्मचारी अवकाश कोष स्थापना तथा व्यवस्थापनको व्यवस्था मिलाइनेछ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्षको क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संस्थागत विकास तथा कार्यालय संचालन तर्फः**

४०. आर्थिक वर्ष २०८३।८४ को दैनिक कार्यालय संचालन र प्रशासनिक कार्यका लागी रु ९करोड ७२ लाख १० हजार बजेट विनियोजन गरेकी छु।

४१. संस्थागत तथा सुशासन क्षेत्रको विकासका लागी विद्युतीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयनका साथै स्मार्ट पालिका निर्माणका लागि इन्टरनेट

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

सेवाका लागि रु.२२ लाख विनियोजन गरेको छु।कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यलाई उच्च प्राथमिकतामा राखि क्षमता विकास कार्यक्रय संचालनको लागि आवश्यक बजेटको व्यवास्था गरेकी छु।

४२. न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै न्याय सम्पादन तथा मेलमिलाप प्रणालीलाई थप प्रभावकारी, निष्पक्ष र विश्वासिलो बनाउन न्यायिक समितिको संस्थागत सुदृढीकरण, क्षमता विकास तथा कार्यसम्पादन व्यवस्थापनका लागि रु. ६ लाख बजेट विनियोजन गरेकी छु। स्थानीय तहमा उत्पन्न हुने विवादहरूको मेलमिलापमार्फत छिटो, सरल र कम खर्चिलो समाधानलाई प्रोत्साहन गरिनेछ। साथै, समयसापेक्ष कानुनहरूको निर्माण, परिमार्जन तथा संशोधनलाई निरन्तरता दिंदै स्थानीय कानुनी शासन, सुशासन र विधिको शासनलाई थप सुदृढ बनाउने कार्यमा विशेष जोड दिएकी छु।

४३. नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन डिजिटल नागरिक बडापत्र निर्माण, ई–गभर्नेन्स प्रणालीको विस्तार तथा सूचना प्रविधिमा आधारित प्रशासनिक सेवा सुदृढीकरणका लागि रु. १९ लाख बजेट विनियोजन गरेकी छु। यसबाट नागरिकले सहज रूपमा सूचना तथा सेवा प्राप्त गर्न सक्ने, प्रशासनिक प्रक्रियामा पारदर्शिता अभिवृद्धि हुने तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएकी छु।

४४. नगर क्षेत्रको शान्ति सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण, बजार व्यवस्थापन तथा नगरवासीको सुरक्षालाई थप प्रभावकारी बनाउन नगर प्रहरी परिचालन तथा व्यवस्थापनका लागि रु. ३० लाख बजेट विनियोजन गरेकी छु। यस कार्यक्रमबाट स्थानीय स्तरमा कानूनको कार्यान्वयन, सार्वजनिक अनुशासन कायम तथा सुरक्षित र व्यवस्थित नगर निर्माणमा टेवा पुग्नेछ ।

४५. उत्पादन, रोजगारी, आयआर्जन तथा उद्यमशीलताको विकासमार्फत युवाहरूलाई आत्मनिर्भर बनाउन नवप्रवर्तन सम्बन्धी युवा लक्षित कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरेकी छु। कार्यक्रमबाट युवाको सीप, क्षमता र नविन

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

सोचलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गरिनेछ।

४६. संस्थागत विकास, सुशासन, कानून, सूचना प्रविधि तथा विपद् व्यवस्थापन क्षेत्रलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउनका लागि रु. १ करोड ६५ लाख ८० हजार बजेट विनियोजन गरेकी छु। उक्त बजेटबाट ई–गभर्नेन्स प्रणाली विस्तार, डिजिटल नागरिक बडापत्र निर्माण, नगर प्रहरी परिचालन, नीति तथा कानून निर्माण र परिमार्जन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तथ्यांक व्यवस्थापन, कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास, सूचना प्रणाली सुदृढीकरण, विपद् व्यवस्थापन तथा राहत कार्य, युवा उद्यमशीलता प्रवर्द्धन र नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा प्रभावकारिता, डिजिटल प्रशासनको विकास, विपद् प्रतिकार्य क्षमता अभिवृद्धि तथा नागरिकको नगरप्रतिको विश्वास थप सुदृढ हुने अपेक्षा लिएकी छु।

४७. नगर विकासमा सरकारी, निजि क्षेत्र, सहकारी तथा गैर सरकारी संघ संस्था जस्ता साझेदार निकाय मार्फत सीप विकास, उत्पादन वृद्धी, सामाजिक सचेतना अभिवृद्धी कार्यक्रम सञ्चालन गर्न सह-लगानी कार्यक्रका लागि बजेटको व्वयस्था गरेकीछु ।

४८. परम्परागत सीप संरक्षण, यूवा क्लव गठन तथा संचालन कार्यक्रमका लागि आवश्यक बजेटको व्यावस्था गरेकी छु ।

४९. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुन सक्ने बिभिन्न विपद जोखिम न्यूनीकरण, रोकथाम तथा पुनःस्थापना कार्यका लागि रु १५ लाख विनियोजन र विपद् व्यवस्थापन कोष स्थापना गरी रु.८ लाखको कोष खडा गरेकी छु ।

५०. नगरपालिका मार्फत प्रवाह हुने सेवालाई नागरीक समक्ष पुर्याउन विभिन्न संचारमाध्यमहरुको उपयुक्त प्रयोगका लागि संचार माध्यमसँग अन्तरक्रिया, सहकार्य र समन्वय, सूचना तथा विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्दै

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

शासन सञ्चालनमा पारदर्शिता, जवाफदेहिता कायम गर्न लोक कल्याणकारी सूचना तथा विज्ञापन प्रकासान तथा प्रसारणका लागि रु १० लाख विनियोजन गरेकी छु ।

## सामाजिक विकास तर्फः

शिक्षा, युवा तथा खेलकुद

५१. गुणस्तरीय शिक्षा आजको आवस्यकता अनुसार नगरबाट बाल विकास केन्द्र सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको थप तलब र अनुदान कार्यक्रमलाई निरन्तरताका लागि बजेट विनियोजन गरेकी छु।

५२. राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद अन्तर्गत युवा तथा खेलकुद कार्यक्रमको लागि रु.२५ लाख बजेट विनियोजन गरेकी छु ।

५३. शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा विद्यालयको भौतिक एवं शैक्षिक वातावरणलाई थप सुदृढ बनाउन संघीय सरकारको विशेष अनुदान अन्तर्गत प्राप्त रु. १ करोड ४० लाख बजेटलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ। कार्यक्रमबाट विद्यालय शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार भई विद्यार्थीहरूको सिकाइ उपलब्धि, कक्षा टिकाउदर र शैक्षिक प्रतिस्पर्धात्मकता वृद्धि हुने विश्वास लिएकी छु।

५४. शिक्षा, युवा तथा खेलकुद क्षेत्रको गुणस्तर अभिवृद्धि, विद्यालय शिक्षण सिकाइ सुधार, प्रारम्भिक बालविकास तथा विद्यालय कर्मचारीहरूको प्रोत्साहन, प्राविधिक शिक्षामा पहुँच विस्तार, विद्यार्थी मूल्यांकन प्रणाली सुदृढीकरण, युवा परिचालन तथा खेलकुद विकासलाई प्राथमिकता दिँदै रु. १ करोड ७७ लाख ६९ हजार बजेट विनियोजन गरेको छ। उक्त बजेटबाट गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्दै दक्ष, प्रतिस्पर्धी र जिम्मेवार नागरिक उत्पादन गर्ने लक्ष्य लिइएको छ।

**स्वास्थ्यः**

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

५५. गर्भवति संग उप प्रमुख कार्यक्रम तथा आकस्मिक अवस्थाका गर्भवति तथा सुत्केरी प्रेषण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

५६. नागरीकको रक्त समुह पहिचान कार्यक्रम, आङ खस्ने तथा VIA शिविर, महिला स्वास्थ्य स्वयम् सेविका अवकास कोष, स्वास्थ्यकर्मिको क्षमता अभिबृद्दी तथा प्रोत्साहन, मानसिक स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रममा बजेटको व्यवस्था गरेकी छु।

५७. वहुक्षेत्री पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रमको निरन्तरता दिदै, स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री संस्था स्थानाका लागि विभिन्न संस्थाको लागत साझेदारीमा कार्यक्रम सञ्चालनको व्यवस्था गरेकी छु।

५८. स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार, आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार तथा नागरिकको स्वास्थ्य सुरक्षालाई सुनिश्चित गर्न जनशक्तिको व्यवस्थापन, औषधि तथा मेडिकल सामग्री खरिद, एकीकृत स्वास्थ्य शिविर सञ्चालन, महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन, पोषणमैत्री तथा किशोर–किशोरीमैत्री स्वास्थ्य संस्था विकास, स्वास्थ्य बीमा प्रवर्द्धन, आकस्मिक सुत्केरी सहायता तथा स्वास्थ्य संस्थाको डिजिटलाइजेसन लगायतका कार्यक्रम सञ्चालनको लागि रु. १ करोड ६२ लाख ९५ हजार बजेट विनियोजन गरिएको छ। जसबाट नगरवासीलाई गुणस्तरीय, सहज र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ।

महिला, बालबालिका तथा जेष्ट नागरिक तर्फः

५९. लैङ्गिक हिंसा न्यूनीकरण, महिला तथा बाल अधिकार प्रवर्द्धन, अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार, ज्येष्ठ नागरिक सम्मान तथा असहाय तथा एकल विपन्न महिलाहरूको आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु. १९ लाख ८० हजार बजेट विनियोजन गरेकी छु। यसबाट महिला, बालबालिका तथा लक्षित वर्गको सामाजिक, आर्थिक र संस्थागत सशक्तीकरण

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

भई समावेशी, न्यायपूर्ण र मर्यादित समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएकी छु।

## आर्थिक विकास

कृषि तथा पशुपंक्षी विकास तर्फ

६०. जहाँ सिचाई त्यहाँ उत्पादनमा बृद्धि र कमाई अन्तरगत साना सिचाँई पूर्वाधार निर्माण/मर्मत कार्यक्रम निरन्तरताका लागि रु. १६ लाख बजेट विनियोजन गरेकी छु ।संघीय सरकारसंग साझेदारीमा विशेष अनुदानबाट कार्यान्वयन हुने गरी साना नमूना सिचाँई कार्यक्रमको लागि रु.१ करोड ५० लाख बजेट विनियोजन गरेकी छु।

६१. नगरपालिकालाई तरकारी तथा फलफुलमा आत्मनिर्भर तर्फ लैजान व्यावसायिक रुपमा तरकारी खेती ,मसला बाली प्रवर्धन कार्यक्रम, फलफूल पकेट प्रवधर्न कार्यक्रम, घर बगैंचा विकास कार्यक्रम जस्ता कार्यक्रमहरु कृषकको ५० प्रतिशत लागत सहभागिता रहने गरी बजेटको व्यवस्था मिलाएकी छु।

६२. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्ने उद्देश्यले युवा लक्षित मागमा आधारित कृषि कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख ८० हजार र कृषि नवप्रवर्तन तथा यान्त्रीकरण कार्यक्रम सञ्चालनका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु। कृषि क्षेत्रमा आधुनिक कृषि प्रविधि, कृषि यन्त्रको प्रयोग तथा नवप्रवर्तनशील कृषि अभ्यासलाई प्रोत्साहन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न बजेटको व्यवस्था गरिएको छ।

६३. सामाजिक रुपमा पछाडी परेका र आय आर्जन क्षमता बृद्धि गर्न स्थानीय प्रजातीका कुखुरा, उन्नत जातका बाख्रा, भैसी प्रवर्धन कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेकी छु । पशुपंक्षीमा हुने विभिन्न रोगहरुको परीक्षण, रोकथाम र नियन्त्रण गर्न पशुपंक्षी उपचार सेवा कार्यक्रमलाई निरन्तरता दिएकी

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

छु । गुणस्तरिय पशुपंक्षी उपचार सेवा प्रदान गर्न पशु सेवा प्राविधिकहरुको दक्षता अभिवृद्धी कार्यक्रम संचालनको लागि आवस्यक बजेट व्यवस्था गरेकी छु।

६४. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै किसानको आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले कृपक फार्म तथा समूहहरूलाई उन्नत जातका बोका वितरण कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख विनियोजन गरेको छु।

६५. पशुपन्छीमा लाग्ने विभिन्न रोगहरूको समयमै रोकथाम, नियन्त्रण तथा उपचार सुनिश्चित गरी पशुधनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक औषधि, खोप तथा प्राविधिक सेवासहित पशुपन्छी औषधि उपचार सेवा कार्यक्रम, पशु बिमा कार्यक्रम सञ्चालनका लागि रु.९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६६. उन्नत जातका पशुपन्छीको विकास, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै पशुपालन व्यवसायलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउन कृत्रिम गर्भाधान सेवा कार्यक्रम, किसानको लागत साझेदारीमा बाखा तथा भैंसीको खोर तथा गोठ सुधार कार्यक्रम सञ्चालनका लागि रु.४ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६७. कृषि विकास तथा पशु विकासको लागि संघीय तथा प्रदेश साझेदारी सहित रु.२ करोड ३१ लाख बजेट विनियोजन गरेकी छु।

सहकारी

६८. सहकारी संस्थाहरूको सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोग, डिजिटल लेखा प्रणाली तथा अनलाइन प्रतिवेदन प्रणाली लागू गरी वित्तीय जोखिम न्यूनीकरण तथा बचतकर्ताको हित संरक्षणका लागि संस्थागत सुधारका कार्यक्रमका लागि रु.१० लाख बजेट व्यवस्था गरेकी छु।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## उद्यम विकास तथा रोजगारी

६९. बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन, सुरक्षित आप्रवासन, वैदेशिक रोजगार सम्बन्धी सूचना सम्बन्धि परामर्श तथा समुदायस्तरमा सामाजिक सुरक्षा, मर्यादित श्रम सञ्चालन कार्यक्रम, स्थानीय स्रोत, साधनको परिचालन गरी उद्यम विकासलाई प्रोत्साहन गर्न प्रविधि हस्तान्तरण कार्यक्रम संघ तथा प्रदेश सरकार संगको साझेदारीमा सञ्चालन गरिनेछ।

७०. युवाहरूको उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश विशेष अनुदान मार्फत नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालनका लागि रु. २५ लाख ५० हजार बजेट विनियोजन गरेको छु। यस कार्यक्रममार्फत युवाहरूलाई सीप, प्रविधि, उद्यम विकास तथा आयआर्जनमूलक गतिविधिमा आबद्ध गराई आत्मनिर्भर र उत्पादनशील हुने अपेक्षा गरिएको छ।

## पूर्वाधार विकासः

७१. नगरपालिकाको केन्द्रलाई सहज, सुरक्षित तथा गुणस्तरीय सडक सञ्जालमार्फत जोड्ने उद्देश्यले पालिका केन्द्र जोड्ने कालोपत्रे सडक निर्माणका लागि संघीय सरकारको समपूरक अनुदान साझेदारी समेत गरी रु. १ करोड ३३ लाख बजेट विनियोजन गरेकी छु। साथै, बसपार्कदेखि वडा नं. ५ कार्यालयसम्मको सडक कालोपत्रे गरी आवागमनलाई थप व्यवस्थित र सहज बनाउन प्रदेश सरकारको समपूरक अनुदान साझेदारीमा रु. ५० लाख बजेट विनियोजन गरेकी छु।

७२. मंगलसेन नगरपालिकालाई खेलकुद गतिविधिको केन्द्रका रूपमा विकास गर्दै खेलाडी उत्पादन, खेल पर्यटन प्रवर्द्धन तथा आधुनिक खेल पूर्वाधार निर्माण गर्ने उद्देश्यका साथ मंगलसेन बृहत् खेलमैदान निर्माणका लागि रु. ४५ लाख बजेट विनियोजन गरेकी छु।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

७३. स्वच्छ, सफा र व्यवस्थित नगर निर्माणलाई प्राथमिकता दिँदै फोहोरमैला तथा ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन संघीय तथा प्रदेश सरकारसँगको समन्वय र विभिन्न संघ-संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ। साथै, मंगलसेन बजार क्षेत्रको सरसफाइ, वातावरणीय स्वच्छता तथा वर्षायाममा हुने जल जमावट नियन्त्रणका लागि नाली तथा ढल निकास पूर्वाधार निर्माण कार्यमा प्रदेश विशेष योजना अन्तर्गत रु. ३० लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

७४. एक घर-एक धारा' नीतिलाई आगामी एक वर्षभित्र सार्थकता प्रदान गर्दै स्वच्छ तथा सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न खानेपानी आयोजना मर्मत, विस्तार तथा साझेदारी कार्यक्रम सञ्चालनका लागि रु. ६० लाख बजेट विनियोजन गरेकी छु।

७५. नगरभित्रका सडकहरूको नियमित सरसफाइ, मर्मत-सम्भार तथा सौन्दर्यीकरणलाई निरन्तरता दिँदै सुरक्षित र व्यवस्थित यातायात पूर्वाधार विकासका लागि सडक बोर्डसँगको साझेदारीमा सञ्चालन हुने सडक मर्मत तथा सरसफाइ कार्यक्रमलाई निरन्तरता दिएकी छु।

७६. कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी खाद्य सुरक्षा र किसानको आयस्तर वृद्धि गर्न संघीय सरकारको विशेष अनुदानमार्फत कार्यान्वयन हुने स-साना तथा समुदायमा आधारित सिंचाइ पूर्वाधार निर्माणका लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

७७. सेवा प्रवाहलाई थप प्रभावकारी, सहज र नागरिकमैत्री बनाउन आफ्नै भवनबाट वडा कार्यालय सञ्चालन गर्ने नगरपालिकाको नीतिअनुरूप वडा नं. ५, वडा नं. ९, वडा नं. ११ र वडा नं. १३ का वडा कार्यालय भवन निर्माणका लागि संघीय सरकारको समपूरक अनुदान साझेदारीमा आवश्यक बजेट व्यवस्था गरेकी छु।

७८. विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि विपद् व्यवस्थापन कोष सञ्चालनमा थप रु. १५ लाख तथा खानेपानी मुहान संरक्षण तथा जलस्रोतको

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

दिगो व्यवस्थापनको जल पुनर्भरण कार्यमा रु. ३ लाख बजेट व्यवस्था गरिएको छ।

७९. संघ, प्रदेश, वडा र अन्य निकायसँगको सहलगानी प्रवर्द्धन कार्यक्रम का लागि रु. १५ लाख विनियोजन गरिएको छ।

८०. नगरपालिकाको भौतिक पूर्वाधार विकास, सेवा प्रवाहको गुणस्तर सुधार, वातावरणीय व्यवस्थापन तथा समग्र आर्थिक-सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुर्याउन रु.६ करोड ४९ लाख २३ हजार विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट विनियोजनका लागि प्राप्त भएका स्रोतहरुको आधारलिई नगरपालिकाको आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०८३।८४ को आय-व्यय विवरण

आय अनुमान

| क्र.सं | आम्दानीका स्रोत | आ.व.२०८२।८३ को संशोधित अनुमान | आ.व.२०८३।८४ को अनुमान |
|---|---|---|---|
| १ | संघीय सरकारवाट प्राप्त अनुदान | ४२ करोड ७० लाख | ४५ करोड ६१ लाख |
| १.१ | वित्तीय समानीकरण अनुदान | १०करोड ६७ लाख | १०करोड ८२ लाख |
| १.२ | ससर्त अनुदान | ३० करोड ३१ लाख | ३० करोड ६० लाख |
| १.३ | विशेष अनुदान | ६८ लाख | २ करोड ९० लाख |
| १.४ | समपुरक अनुदान | १ करोड ४ लाख | १ करोड २९ लाख |
| २ | सुदूरपश्चिम प्रदेश सरकारवाट प्राप्त अनुदान | २ करोड २३ लाख ६८ हजार | ५करोड ४९ लाख ७१ हजार |
| २.१ | वित्तीय समानीकरण अनुदान | ९८ लाख ६८ हजार | १ करोड ८२ हजार |
| २.२ | ससर्त अनुदान | ४० लाख | ३ करोड ६४ लाख |
| २.३ | विशेष अनुदान | ६५ लाख | ५६ लाख |
| २.४ | समपुरक अनुदान | २० लाख | २८ लाख ८९ हजार |
| ३ | राजस्व बाँडफाडवाट प्राप्त रकम | १० करोड ३५ लाख ७४ हजार | १० करोड ७५ लाख ८९ हजार |
| ३.१ | संघीय सरकारवाट प्राप्त राजस्व बाँडफाँड | ९ करोड ८१ लाख | १० करोड १८ लाख ७४ हजार |
| ३.२ | सवारी साधन करवाट प्राप्त रकम | ५४ लाख ७४ हजार | ५७ लाख १५ हजार |
| ४ | आन्तरिक स्रोत | १ करोड ५९ लाख ६४ हजार | २ करोड १० लाख १० हजार |
| ४.१ | आन्तरिक राजस्व परिचालन | १ करोड | १ करोड १० लाख १० हजार |
| ४.२ | वैंक मौज्दात अ.ल्या. | ५९ लाख ६४ हजार | १ करोड ४८ लाख ७६ हजार |
| कुलआय | | ५६ करोड ८९ लाख ६ हजार | ६४ करोड ४५ लाख ४६ हजार |

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

व्यय तर्फ

| क्र. सं. | व्यय | आ.व.२०८२।८३ को संशोधित अनुमान | आ.व.२०८३।८४ को अनुमान |
|---|---|---|---|
| १. | साधारण तथा प्रशासनिक तर्फ | ९ करोड ८४ लाख ९७ हजार | ९ करोड ७२ लाख १० हजार |
| २. | संघीय ससर्त अनुदान चालु | ३० करोड | ३० करोड ३० लाख |
| ३. | विकास बजेट (न.पा) | १६ करोड ४४ लाख ४५ हजार | १५ करोड ४५ लाख ४७ हजार |
| ४ | विकास बजेट (संघीय हस्तान्तरित) | | ४ करोड ४९ लाख |
| ५ | विकास बजेट (प्रदेश हस्तान्तरित) | | ४ करोड ४८ लाख ८९ हजार |
| | जम्मा | ५६ करोड २९ लाख ४२ हजार | ६४,करोड ४५ लाख ४६ हजार |
| १. | कार्यालय संचालन तथा प्रशासनिक | ९ करोड ८४ लाख ९७ हजार | ९ करोड ७२ लाख १० हजार |
| २ | संस्थागत विकास | १ करोड ५५ लाख ९० हजार | १ करोड ४३ लाख ८० हजार |
| ३ | पूर्वाधार विकास | ४ करोड ९९ लाख | ६ करोड ४९ लाख २३ हजार |
| ४ | कृषि विकास शाखा | ३० लाख | ३० लाख |
| ५ | पशु विकास शाखा | २४ लाख | ३२ लाख |
| ६ | महिलाबालबालिका तथा ज्येष्ठ नागरीक | १७ लाख २५ हजार | १९ लाख ८० हजार |
| ७ | शिक्षा शाखा तर्फ | २ करोड ९ लाख ४४ हजार | १ करोड ७७ लाख ६९ हजार |
| ८ | स्वास्थ्य शाखा तर्फ | १ करोड ४० लाख ५० हजार | १ करोड ६२ लाख ९५ हजार |
| ९ | वडा नं.१ | २४ लाख | २६ लाख ४० हजार |
| १० | वडा नं.२ | १० लाख | ११ लाख |
| ११ | वडा नं.३ | २६ लाख | २८ लाख ६० हजार |
| १२ | वडा नं.४ | २३ लाख | २५ लाख ३० हजार |
| १३ | वडा नं.५ | २६ लाख | २८ लाख ६० हजार |
| १४ | वडा नं.६ | १८ लाख | १९ लाख ८० हजार |
| १५ | वडा नं.७ | १९ लाख | २० लाख ९० हजार |
| १६ | वडा नं.८ | १७ लाख | १८ लाख ७० हजार |
| १७ | वडा नं. ९ | १८ लाख | १९ लाख ८० हजार |
| १८ | वडा नं. १० | १७ लाख | १८ लाख ७० हजार |
| १९ | वडा नं. ११ | १७ लाख | १८ लाख ७० हजार |
| २० | वडा नं. १२ | २७ लाख | २९ लाख ७० हजार |
| २१ | वडा नं. १३ | ३० लाख | ३३ लाख |
| २२ | वडा नं. १४ | २८ लाख | ३० लाख ८० हजार |
| २३ | संघीय ससर्त अनुदान | ३० करोड ३१ लाख | ३० करोड ६० लाख |
| २४ | संघीय विशेष अनुदान | ६८ लाख | २ करोड ९० लाख |
| २५ | संघीय समपुरक अनुदान रेडक्रस पालिका सडक कालोपत्रे | १ करोड ४ लाख | १ करोड २९ लाख |
| २६ | प्रदेश ससर्त अनुदान | ४० लाख | ३ करोड ६४ लाख |
| २७ | प्रदेश विशेष अनुदान | ६५ लाख | ५६ लाख |
| २८ | प्रदेश समपुरक अनुदान | २० लाख | २८ लाख ८९ हजार |
| | जम्मा | ५६ करोड ८९ लाख ०६ हजार | ६४ करोड ४५ लाख ४६ हजार |

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३।८४ मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

८१. HIV हेरचाह तथा सहयोग कार्यक्रम, HIV टि.बि. परियोजना सञ्चालनको लागि वाक नेपाल मार्फत नगरपालिकामा कार्यान्वयनको लागि प्रस्ताव प्राप्त भएको छ।

८२. खानेपानीको दिगो व्यवस्थापन कार्य संचालन गरी आम नागरीकको स्वच्छ खानेपानी माथिको पहुँचमा बृद्धि गर्न एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम ( हेल्भेटास) संग पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरु संचलानमा लागत सहभागिता हुने गरी कार्यक्रम प्रस्ताव गरीएको छ ।

सभाध्यक्ष महोदय

अन्त्यमा,

८३. आर्थिक वर्ष २०८३।८४ को बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यू, वडा अध्यक्ष तथा सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवी, नागरीक समाज, संचारकर्मी, विकास साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र समआदरणीय नगरवासीहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

२०८३ साल असार १० गते बुधबार ।

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची १

| शीर्षक | | आ.व.२०८१।८२ को यथार्त | आ व २०८२।८३ को संशोधित अनुमान | आ.व.२०८३।८४ अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १३१६०६७१.७३ | १०५००००० | ११०१०००० |
| ११३१३ | सम्पत्ति कर | १२०९५३६ | १३००००० | १३००००० |
| ११३२१ | वहाल कर | १३१७३४४.३२ | ९००००० | ७००००० |
| १४६११ | व्यवसाय कर | १२९६१२० | ९००००० | १०००००० |
| ११३३१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ३८२४८७६.५ | २५००००० | २६००००० |
| १४२४२ | नक्सापास दस्तुर | ६८०५८.२५ | ३००००० | ४००००० |
| १४२४३ | सिफारिस दस्तुर | १०२१४४२ | ८००००० | ८००००० |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | ५१०६५० | ५००००० | ६००००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४१२०० | ५०००० | ६०००० |
| १४२४९ | अन्य दस्तुर | ७०२३२५.५६ | १८००००० | १९००००० |
| १५१११ | बेरुजु | १८३५४१६ | ५००००० | ५००००० |
| १४२२४ | परीक्षा शुल्क | २७००० | ५००००.०० | ५०००० |
| ११३१४ | घर जग्गा रजिष्ट्रेशन | ६५८९७१.४ | ३००००० | ४००००० |
| १४२१९ | अन्य सेवा शुल्क विक्रि | ६४७७३१.७ | ५००००० | ६००००० |
| १.१ | बैंक मौज्दात | ३०४००६०७.६२ | ३९३२९३६५.८० | १४८७६००० |
| २ | संघीय सरकारबाट प्राप्त हुने अनुदान | ३८३९४४१०६.३३ | ४२७६२०००० | ४५६१००००० |
| १३३११ | समानीकरण अनुदान संघीय | ९७०८२०८० | १०६७००००० | १०८२००००० |
| २६३३२ | ससर्त अनुदान | २७७७३८८१५.२९ | ३०३७२०००० | ३०६०००००० |
| २६३३३ | विशेष अनुदान | ० | ६८००००० | २९०००००० |
| २६३३४ | समपुरक अनुदान | ९१२३२११.०४ | १०४००००० | १२९००००० |
| ३ | सुदूर पश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान | २२०२५८७७.७० | २४९०५५०० | ५४९७१००० |
| १३३११ | समानीकरण अनुदान सुदूरपश्चिम प्रदेश सरकार | ९४३०००० | ९८६८००० | १००८२००० |
| २६३३२ | ससर्त अनुदान | ९६८५४८६.१० | ६५३७५०० | ३६४००००० |
| २६३३३ | विशेष अनुदान | २९१०३९१.६० | ६५००००० | ५६००००० |
| २६३३४ | समपुरक अनुदान | ० | २०००००० | २८८९००० |
| ४ | राजस्व बाँडफाँड | ११७४३६६६२.१२ | १०३७०३४२० | १०७५८९००० |
| ११४११ . | संघीय राजस्व बाँडफाँड | १११९७४२९२ | ९८१२९४२० | १०१८७४००० |
| ११४५६ | सवारी साधन कर प्रदेश सरकारबाट प्राप्त | ६४७५२०० | ५४७४००० | ५७१५००० |
| जम्मा | | ५६७१८९७५५.६८ | ६०५४५८२८५.८ | ६४४५४६०००. |

| व्यय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| व्यय | | | | |
| १ | चालु खर्च | ४०९३८३२८२.५१ | ४८३४८८७४५.८ | ४९७६०४००० |
| २ | पुजिगत खर्च | ११८४६८१०७.३७ | १२१९६९५४० | १४९८३१००० |
| ३ | बैंक मौज्दात | ३९३२९३६५.८० | | |
| जम्मा | | ५६७१८०७५५.६८ | ६०५४५८२८५.८ | ६४४५४६००० |

अनुसूची २

**लैंगिक उत्तदायी बजेट**

रु. हजारमा

| वर्ग | प्रत्यक्ष योगदान | | अप्रत्यक्ष योगदान | | तटष्थ बजेट | | total |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| मंगलसेन नगरपालिका - 80772403101 | १,४०० | ० | ५,३५० | ९,००० | ५,१०० | २६,६३३ | ४७,४८३ |
| मंगलसेन न.पा. प्रशासनिक खर्च - 80772403102 | २०० | ० | ७,००० | ० | १,०३,२१०.०० | ० | १,१०,४१०.०० |
| मंगलसेन नगरपालिकावडा नं.१ - 80772403201 | १०० | ० | १५० | ४१० | ६१५ | १,३६५ | २,६४० |
| मंगलसेन नगरपालिकावडा नं.२ - 80772403202 | ० | ० | ३० | १५० | २३० | ६९० | १,१०० |
| मंगलसेन नगरपालिकावडा नं.३ - 80772403203 | १०० | ० | १२० | ५५० | ४८० | १,७५० | ३,००० |
| मंगलसेन नगरपालिकावडा नं.४ - 80772403204 | ५० | ० | २०० | १०० | १५० | १,६३० | २,१३० |
| मंगलसेन नगरपालिकावडा नं.५ - 80772403205 | ५० | ६० | ५० | ६५० | १,४५० | ६०० | २,८६० |
| मंगलसेन नगरपालिकावडा नं.६ - 80772403206 | १५० | ० | ४५० | ० | ८३० | ५५० | १,९८० |
| मंगलसेन नगरपालिकावडा नं.७ - 80772403207 | ५० | ० | १०० | ० | ५०० | १,४४० | २,०९० |
| मंगलसेन नगरपालिकावडा नं.८ - 80772403208 | ० | ० | २० | ० | ५५० | १,३०० | १,८७० |
| मंगलसेन नगरपालिकावडा नं.९ - 80772403209 | ० | ० | १०० | ३२० | ५१० | १,०५० | १,९८० |
| मंगलसेन नगरपालिकावडा नं.१० - 80772403210 | ५० | ० | ० | ० | ७२० | १,१०० | १,८७० |
| मंगलसेन नगरपालिकावडा नं.११ - 80772403211 | ४० | ० | ९० | ९०० | ५९० | ५५० | २,१७० |
| मंगलसेन नगरपालिकावडा नं.१२ - 80772403212 | १०० | ० | १८० | ५२५ | १,०३५ | १,१३० | २,९७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मंगलसेन नगरपालिकावडा नं.१३ - 80772403213 | १०० | ० | ५० | ३५० | ९०० | १,९०० | ३,३०० |
| मंगलसेन नगरपालिकावडा नं.१४ - 80772403214 | ५० | ० | ० | १०० | १,१०० | १,६०० | २,८५० |
| मंगलसेन नगरपालिका - शिक्षा - 80772403301 | ० | ० | १,२०० | ० | १६,४१९ | ० | १७,६१९ |
| मंगलसेन नगरपालिका - स्वास्थ्य - 80772403302 | ९८५ | ० | ११,४८० | ० | ३,७३० | १०० | १६,२९५ |
| मंगलसेन नगरपालिका - कृषि - 80772403303 | १०० | ० | १,४०० | १,००० | ५०० | ० | ३,००० |
| पशु सेवा सम्बन्धी कार्यक्रम - 80772403305 | ० | ० | ८०० | ० | १,६०० | ८०० | ३,२०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80772403513 | ० | ० | ० | ० | ० | ८,७०० | ८,७०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80772403523 | ० | ० | ० | ० | ० | ५,३८९ | ५,३८९ |
| जम्मा | ३,५२५ | ६० | २८,७७० | १४,०५५ | ३७,००९ | ५८,२७७ | १३४,४९६ |

## अनुसूची ३
### दिगो विकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम

| क्र.सं. | वर्ग/Heading | total | चालु | पुँजीगत तथा वित्तीय | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | असमानता न्यूनीकरण | ८,३२० | ८,३२० | ० | ३.४१ |
| २ | आधुनिक ऊर्जामा पहुँच | ६१० | ० | ६१० | ०.२५ |
| ३ | उधोग नवीन खोज र पूवार्धार | १९,४४० | २,९८० | १६,४६० | ७.९६ |
| ४ | गुणस्तरीय शिक्षा | १५,५५८ | १५,१५८ | ४०० | ६.३७ |
| ५ | गरिबीको अन्त्य | ९०,८६५ | ९०,८१५ | ५० | ३७.२२ |
| ६ | जलवायु परिर्वतन अनुकुलन | ३,१३० | १,८८० | १,२५० | १.२८ |
| ७ | दिगो उपभोग तथा उत्पादन | ४२,३२९ | २६,२५७ | १६,०७२ | १७.३४ |
| ८ | दिगो विकासका लागी साझेदारी | २,५०० | १,००० | १,५०० | १.०२ |
| ९ | दिगो शहर र वस्तीहरू | ३,६५० | ७६० | २,८९० | १.५ |
| १० | दिगो सफा पानी तथा सरसफाइ सेवा | ११,८६५ | २०० | ११,६६५ | ४.८६ |
| ११ | भूसतह स्रोतको उपयोग | १५,५३५ | ७३० | १४,८०५ | ६.३६ |
| १२ | लैंगिक समानता | २,१३० | २,०२० | ११० | ०.८७ |
| १३ | शान्तिपूर्ण न्यायपुर्ण र सशक्त समाज | १२,७०५ | १०,९५५ | १,७५० | ५.२ |
| १४ | समावेशी आर्थिक वृध्दि तथा मर्यादित काम | ५,६५० | ४,४५० | १,२०० | २.३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | स्वस्थ जीवन | ९,८२० | ६,१९० | ३,६३० | ४.०२ |
| जम्मा | | २४४,१०६ | १७१,७१४ | ७२,३९२ | |

अनुसूची ४

जलवायु परिवर्तन बजेट (वित्तीय व्यवस्था सहित)

| वर्ग/Heading | प्रतक्ष्य लाभ | | अप्रत्यक्ष लाभ | | तटष्य | | total |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| मंगलसेन नगरपालिका - 80772403101 | १,९०० | ३,१०० | ३,७०० | १०,७०० | ६,२५० | २१,८३३ | ४७,४८३ |
| मंगलसेन न.पा. प्रशासनिक खर्च - 80772403102 | २,००० | ० | ४,१०० | ० | १,०४,३१०. | ० | १,१०,४१० |
| मंगलसेन नगरपालिकावडा नं.१ - 80772403201 | २०० | ० | ८० | ३५० | ५८५ | १,४२५ | २,६४० |
| मंगलसेन नगरपालिकावडा नं.२ - 80772403202 | ० | ० | ३० | २०० | २३० | ६४० | १,१०० |
| मंगलसेन नगरपालिकावडा नं.३ - 80772403203 | ० | २०० | १०० | ६५० | ६०० | १,४५० | ३,००० |
| मंगलसेन नगरपालिकावडा नं.४ - 80772403204 | ० | ० | ० | ३५० | ४०० | १,३८० | २,१३० |
| मंगलसेन नगरपालिकावडा नं.५ - 80772403205 | ५० | ८०० | ० | १५० | १,५०० | ३६० | २,८६० |
| मंगलसेन नगरपालिकावडा नं.६ - 80772403206 | ५० | १०० | ५० | १०० | १,३३० | ३५० | १,९८० |
| मंगलसेन नगरपालिकावडा नं.७ - 80772403207 | ३० | ० | १०० | २५० | ५२० | १,१९० | २,०९० |
| मंगलसेन नगरपालिकावडा नं.८ - 80772403208 | ० | ० | ० | ५०० | ५७० | ८०० | १,८७० |
| मंगलसेन नगरपालिकावडा नं.९ - 80772403209 | ० | १४० | ० | ५०० | ६१० | ७३० | १,९८० |
| मंगलसेन नगरपालिकावडा नं.१० - 80772403210 | ० | ० | ५० | ५०० | ७२० | ६०० | १,८७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मंगलसेन नगरपालिकावडा नं.११ - 80772403211 | ५० | ३०० | ४० | ७५० | ६३० | ४०० | २,१७० |
| मंगलसेन नगरपालिकावडा नं:१२ - 80772403212 | ५० | ४०० | ० | ७१५ | १,२६५ | ५४० | २,९७० |
| मंगलसेन नगरपालिकावडा नं.१३ - 80772403213 | ० | ५०० | १०० | ८०० | ९५० | ९५० | ३,३०० |
| मंगलसेन नगरपालिकावडा नं.१४ - 80772403214 | १०० | ० | ० | ६०० | १,०५० | १,१०० | २,८५० |
| मंगलसेन नगरपालिका - शिक्षा - 80772403301 | ० | ० | ० | ० | १७,६१९ | ० | १७,६१९ |
| मंगलसेन नगरपालिका - स्वास्थ्य - 80772403302 | ० | ० | १८० | ० | १६,०१५ | १०० | १६,२९५ |
| मंगलसेन नगरपालिका - कृषि - 80772403303 | १०० | ० | १,०२० | १,००० | ८८० | ० | ३,००० |
| पशु सेवा सम्बन्धी कार्यक्रम - 80772403305 | ० | ० | ३०० | ० | २,१०० | ८०० | ३,२०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80772403513 | ० | ० | ० | ० | ० | ८,७०० | ८,७०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80772403523 | ० | ० | ० | ० | ० | ५,३८९ | ५,३८९ |

अनुसूची ५

कार्यगत रणनीति अनुसार बजेट (वित्तीय व्यवस्था सहित)

| वर्ग | प्रत्यक्ष योगदान | | अप्रत्यक्ष योगदान | | तटष्थ बजेट | | total |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| मंगलसेन नगरपालिका - 80772403101 | १,४०० | ० | ५,३५० | ९,००० | ५,१०० | २६,६३३ | ४७,४८३ |
| मंगलसेन न.पा. प्रशासनिक खर्च - 80772403102 | २०० | ० | ७,००० | ० | १,०३,२१० | ० | १,१०,४१०. |
| मंगलसेन नगरपालिकावडा नं.१ - 80772403201 | १०० | ० | १५० | ४१० | ६१५ | १,३६५ | २,६४० |
| मंगलसेन नगरपालिकावडा नं.२ - 80772403202 | ० | ० | ३० | १५० | २३० | ६९० | १,१०० |
| मंगलसेन नगरपालिकावडा नं.३ - 80772403203 | १०० | ० | १२० | ५५० | ४८० | १,७५० | ३,००० |
| मंगलसेन नगरपालिकावडा नं.४ - 80772403204 | ५० | ० | २०० | १०० | १५० | १,६३० | २,१३० |
| मंगलसेन नगरपालिकावडा नं.५ - 80772403205 | ५० | ६० | ५० | ६५० | १,४५० | ६०० | २,८६० |
| मंगलसेन नगरपालिकावडा नं.६ - 80772403206 | १५० | ० | ४५० | ० | ८३० | ५५० | १,९८० |
| मंगलसेन नगरपालिकावडा नं.७ - 80772403207 | ५० | ० | १०० | ० | ५०० | १,४४० | २,०९० |
| मंगलसेन नगरपालिकावडा नं.८ - 80772403208 | ० | ० | २० | ० | ५५० | १,३०० | १,८७० |
| मंगलसेन नगरपालिकावडा | ० | ० | १०० | ३२० | ५१० | १,०५० | १,९८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नं.९ - 80772403209 | | | | | | | |
| मंगलसेन नगरपालिकावडा नं.१० - 80772403210 | ५० | ० | ० | ० | ७२० | १,१०० | १,८७० |
| मंगलसेन नगरपालिकावडा नं.११ - 80772403211 | ४० | ० | ९० | ९०० | ५९० | ५५० | २,१७० |
| मंगलसेन नगरपालिकावडा नं.१२ - 80772403212 | १०० | ० | १८० | ५२५ | १,०३५ | १,१३० | २,९७० |
| मंगलसेन नगरपालिकावडा नं.१३ - 80772403213 | १०० | ० | ५० | ३५० | ९०० | १,९०० | ३,३०० |
| मंगलसेन नगरपालिकावडा नं.१४ - 80772403214 | ५० | ० | ० | १०० | १,१०० | १,६०० | २,८५० |
| मंगलसेन नगरपालिका - शिक्षा - 80772403301 | ० | ० | १,२०० | ० | १६,४१९ | ० | १७,६१९ |
| मंगलसेन नगरपालिका - स्वास्थ्य - 80772403302 | ९८५ | ० | ११,४८० | ० | ३,७३० | १०० | १६,२९५ |
| मंगलसेन नगरपालिका - कृषि - 80772403303 | १०० | ० | १,४०० | १,००० | ५०० | ० | ३,००० |
| पशु सेवा सम्बन्धी कार्यक्रम - 80772403305 | ० | ० | ८०० | ० | १,६०० | ८०० | ३,२०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80772403513 | ० | ० | ० | ० | ० | ८,७०० | ८,७०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80772403523 | ० | ० | ० | ० | ० | ५,३८९ | ५,३८९ |
| | ३,५२५ | ६० | २८,७७० | १४,०५५ | ३७,००९ | ५८,२७७ | १३४,४९६ |